# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क १२, २०६० चैत्र (April 2004)

## यस अङ्कमा


| | | | |
|---|---|---|---|
| १) | पढाउन नसिकाउने शिक्षक तालिम | पुरुषोत्तम सुवेदी | पृष्ठ २ |
| २) | लाप्चा पाठशालाको यो हविगत ! | खगराज घिमिरे | पृष्ठ ३ |
| ३) | द्वन्दले नछोएको गोठाले विद्यालय | दुर्गालाल केसी | पृष्ठ ४ |
| ४) | द्वन्दको चपेटामा दैलेखको शिक्षा | शिवराज रेग्मी | पृष्ठ ५ |


शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू । यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ । *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो । विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरू मार्फत सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ । हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौँ । यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ । प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यावसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ । स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ । यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो ।

***शिक्षा लेख सगालो इमेलमा उपलब्ध छ । इमेल प्राप्त गर्नको लागि सम्पर्क गर्नुहोला ।***

**सम्पादन : राजाराम गौतम**


**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.ब.नं. २१८४३, फोन/फ्याक्सः ४२५७६५५**

**अनामनगर, काठमाडौं ।**

**इमेल :** ejg@ntc.net.np

**वेभसाइट :** www.ejgroup.org

# पढाउन नसिकाउने शिक्षक तालिम

■ पुरुषोत्तम सुवेदी/काठमाडौं

सिद्धेश्वरी प्राथमिक विद्यालय, दोलखाका शिक्षक भीमप्रसाद सुवेदीले शिक्षण तालिम लिँदा पनि उनको पढाउने शैलीमा खासै भिन्नता आएन। कारण आफैं प्रष्ट पार्दै उनी भन्छन् "तालिममा विभिन्न शैक्षिक सामग्री प्रयोग गरी पढाउन सिकाइन्छ। तर विद्यालयमा ती सबै उपलब्ध हुँदैन। अनि सोचे जसरी पढाउन सकिँदैन।" तर तालिममा सिकेका कुरा प्रभावकारी ढंगले पढाउन नसक्नुमा शैक्षिक सामाग्रीको अभाव एकमात्र कारण भने होइन। कक्षामा विद्यार्थीको चाप, त्यस अनुरुप शिक्षकको कमी र समग्र विद्यालय कै वातावरण पनि यसमा धेरै हदसम्म जिम्मेवार हुन्छ।

समस्या शिक्षक सुवेदीको मात्रै होइन, तालिमप्राप्त तीस हजारभन्दा बढी शिक्षकले तालिममा सिके अनुसार कक्षामा पढाउन सकिरहेका छैनन्। देशभरिका प्रावि, निमावि र माविमा गरी कम्तीमा एक लाख ४० हजार शिक्षक यो पेसामा संलग्न छन्। २०५८ सम्मको तथ्यांक अनुसार ९६ हजार ६ सय ५९ प्रावि शिक्षकमध्ये १४ हजार १ सय ९१ ले मात्रै पूर्ण तालिम लिएका छन्। निमावि तहका ७ हजार ४ सय ३७ ले पूर्ण तालिम प्राप्त गरेका छन् जबकि यस तहमा देशभरिका २६ हजार ६ सय ७८ वटा शिक्षक दरबन्दी छ। त्यस्तै मावि तहका १८ हजार ८ सय ४६ मध्ये ८ हजार ६ सय ८९ ले मात्रै पूर्ण तालिम लिएका छन्।

माथिको तथ्यांक हेर्दा प्रष्ट हुन्छ अझै धेरै शिक्षक तालिमको पहुँच बाहिरै छन्। जतिले पाएका छन् तिनले पनि तालिममा सिकेको सीप प्रभावकारी ढंगले सदुपयोग गर्न सकिरहेका छैनन्। किन ? शिक्षाविद् मीनबहादुर विष्टको भनाइमा हाल सञ्चालित शिक्षक तालिम ज्यादै संकीर्ण छ। यसले शिक्षकलाई केही निश्चित सूचना मात्रै दिन्छ जसले सिकाइको जटिलतालाई पूर्ण गर्दैन।

शैक्षिक गुणस्तरको लागि शिक्षक तालिम एउटा पक्ष मात्रै हो। पाठ्यक्रम, विद्यालयको शैक्षिक वातावरण, पर्याप्त जनशक्तिको अभाव, शैक्षिक सामाग्री आदि थुप्रै पक्षमा सुधार भएमा शिक्षकले तालिम लिएपछि राम्रोसँग अध्यापन गराउन सक्छ। होइन भने तालिमले मात्रै पढाउने शैली वा स्तर वृद्धिमा प्रभाव पार्दैन। शिक्षाविद् विष्ट भन्छन्, "पाठ्यक्रमले नेपाली परिवेशको आवश्यकतालाई छुन सकेको छैन। पाठ्यक्रमले व्यक्ति केन्द्रित अध्यापन हुने बताए पनि एउटै कक्षामा सय जना भन्दा बढी विद्यार्थी हुने गर्दछन् जहाँ व्यक्ति केन्द्रित पढाई सम्भव हुँदैन।"

तालिम पाइसकेका धेरैजसो शिक्षकहरूको सिकाई प्रभावकारी नहुनुमा विद्यार्थीको चाप र भौतिक असुविधालाई जिम्मेवार ठान्छन् भने तालिम दिनेहरू चाहिं अनुगमन नभएकाले सिकाई प्रभावकारी नभएको बताउँछन्। दूर शिक्षा केन्द्रकी उपनिर्देशक सुनिता मालाकार तालिम दिइसकेपछि नियमित अनुगमन हुन नसकेको बताउँदै भन्छन्, "अनुगमन भएका ठाउँमा शिक्षकले तालिमको राम्रो सदुपयोग गरेको भेटिएको छ।"

माध्यमिक शिक्षा विकास केन्द्रका निर्देशक रामस्वरुप सिन्हा भने तालिम लिएको सुरुका दिनमा शिक्षकले सिकेका कुरा कक्षा कोठामा प्रयोग गरे पनि पछिपछि विस्तारै त्यो घटाउँदै लैजाने बताउँछन्। उनी थप्छन्, "विद्यालयको वातावरण गतिलो नहुनु यसमा मूल जिम्मेवार छ।"

सिकेको कुरो प्रभावकारी भयो वा भएन भन्ने बहस भन्दा पहिले तालिममा के सिकाइन्छ र कस्ता शिक्षक त्यसमा सहभागी हुन्छन्, त्यो पक्ष पनि त्यति नै महत्वपूर्ण हुन्छ। शिक्षक तालिममा सहभागी अधिकांशको ध्याउन्न तालिम भत्तामा रहेको हुन्छ। "भत्ताका लागि तालिममा आउनेले के सिक्लान् ?" एकजना शिक्षक प्रश्न गर्छन्।

शिक्षाविद् विष्ट चाहिं तालिम दिने प्रशिक्षक आफैं असक्षम हुने गरेको दावी गर्दछन्। उनी भन्छन्, "व्यवस्थापन प्रशिक्षकले तालिम दिनुपर्नेमा प्रशासकले तालिम दिइरहेको हुन्छ।" वर्षेनी शिक्षक तालिमका निम्ति खर्च हुने स्वदेशी विदेशी बजेटको उपलब्धीको यकिन मापन नगरिए पनि यसले राम्रो प्रतिफल दिएको तर्क चाहिं सरकारले समेत गर्न सकेको छैन। यद्यपि नेपालमा शिक्षक तालिमको सुरुवात भएको आधा शताब्दी नाघिसक्यो।

प्राथमिक तहमा आधार शिक्षा तालिम (२००४), राष्ट्रिय शिक्षक तालिम केन्द्र (२०२१), लेभल स्कुल शिक्षक तालिम कार्यक्रम (२०२८), दूर सिकाई कार्यक्रम (२०२८), स्थलगत शिक्षक तालिम कार्यक्रम (२०२९), स्थानीय क्षेत्रका उन्मुख प्रावि शिक्षा तालिम कार्यक्रम (२०३२), रेडियो शिक्षा शिक्षक तालिम आयोजना (२०३५), आधारभूत तथा प्राथमिक शिक्षक तालिम कार्यक्रम (२०४३), निमावि तथा मावि तहमा विज्ञान शिक्षा परियोजना (२०३९),

माध्यमिक शिक्षा विकास परियोजना (२०५०) आदि थुप्रै शिक्षक तालिमको अभ्यास नेपालको शिक्षा क्षेत्रमा भइसकेको छ ।

विभिन्न समयमा शैक्षिक विकासका निम्ति बनेका आयोगहरूले पनि शिक्षक तालिमको अपरिहार्यतालाई जोड दिएका छन् । अहिले पनि विभिन्न जिल्ला जिल्लामा शैक्षिक जनशक्ति विकास केन्द्र, प्राथमिक शिक्षक तालिम केन्द्र, दूर शिक्षा केन्द्र आदिले विभिन्न प्याकेजका शिक्षक तालिम संचालन गरेका छन् । त्यस्तै माध्यमिक शिक्षा विकास केन्द्रले अधिराज्यको २५ ठाउँमा इकाई खोलेर शिक्षक तालिम दिइरहेको छ भने चाँडै नै १० वटा यस्ता इकाई थप्दैछ ।

मुलुकको कूल बजेटको १४ प्रतिशत शिक्षा क्षेत्रमाक छुट्याइएको छ भने सम्बन्धित तालिम दिने निकाय मार्फत् सरकारले यो वर्ष मात्रै आधा अर्ब बजेट खर्चिरहेको छ । शिक्षक तालिमका लागि विदेशी परियोजना त्यत्तिकै छ । तर पनि न शिक्षकले तालिमको सही सदुपयोग गरेका छन् न त धेरै भन्दा धेरै शिक्षक तालिम कार्यक्रममाक समेट्न सकिएको छ । पत्रकार हरि थापाले सन् २००० मा गरेको शिक्षक तालिमसम्बन्धी अध्ययनले भने जस्तै शिक्षक तालिम यहि गतिमा बढ्ने हो भने सबै शिक्षकहरूले पूर्ण तालिम पाउन अझै २७ वर्ष कुर्नुपर्ने छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

## लाप्चा पाठशालाको यो हविगत !

■ **खगराज घिमिरे/इलाम**

लाप्चा भाषा संस्कृतिको जगेर्ना गर्ने धोको बोकेका देउमान लाप्चा हिजोआज निकै निराश देखिन्छन् । कारण, ४ वर्षअघि बन्द भएको लाप्चा भाषा पाठशाला पुनः संचालित गर्ने उनको कोशिस असफल भएको छ ।

इलामको कोल्वुङ्ग गाविसको वडा नं. १ चिप्डेपानीमा देउमान लाप्चा र उनका छिमेकीहरूले दुई महिनासम्म अनवरत श्रमदान गरी एउटा भाषा पाठशाला खोलेका थिए । तर, आर्थिक अभावका कारण २०५६ सालमा खोलिएको सो पाठशाला १३ महिना संचालित भई बन्द भयो । सो भाषा पाठशालामा शिक्षक समेत रहिसकेका देउमान लाप्चा भन्छन्, "लामो मेहनतले भाषा पाठशाला खोलियो तर संचालन गर्न कहिंबाट पनि सहयोग पाइएन ।"

सुरुमा लाप्चाभाषी विद्यार्थी पढाइने सो पाठशाला चिण्डेपानी कै १८ घर लाप्चा परिवार मिलेर निर्माण गरिएको थियो । बाँस र फुसको छाना भएको पाठशाला त्यहि वर्ष पानी चुहिएर विद्यार्थी बस्नै नसक्ने भयो । घरपिच्छे मासिक रु. २० का दरले उठाइए पनि सो रकम शिक्षकलाई तलब दिनै हम्मे पर्थ्यो । मासिक चार सय रुपैयाँ तलब दिन नसकेर विस्तारै बन्द भयो । किनकि नियमित २० रुपैयाँ पनि उठ्न छोडिसकेको थियो । देउमान गुनासो गर्छन्, "स्थानीय र त्यसभन्दा माथिल्लो सरकारी निकायले बेवास्ता गरेका कारण पाठशाला बन्द भयो ।" त्यसो त बन्द भएको दुई वर्षपछि फेरि भाषा पाठशाला पुर्ननिर्माणको लहर चल्यो । श्रमदान र चन्दाबाट उठेको १४ हजारबाट दुई कोठे ढुंगाको भवन निर्माण गरियो । तर, छाना लगाउन फेरि समस्या पर्‍यो । उदाङ्गै छोडिएको छाना गएको वर्ष इलाम कै पञ्चकन्या गाविसले दिएको कर्कटपाताको सहयोगले टालिएको छ । तर, पाठाशाला भने अझै विद्यार्थीविहीन छ ।

त्यसै पनि लाप्चाहरूको शैक्षिक अवस्था त्यति राम्रो छैन । नेपालभरीका लाप्चामध्ये साउ अक्षर चिन्ने ६ प्रतिशत रहेको तथ्यांकले देखाउँछ । गएको वर्ष जिल्ला विकास समिति, इलामले हरेक वर्ष लाप्चा विद्यार्थीलाई दिदैं आएको छात्रवृत्ति दिन पाएन । एसएलसीमा यस जातिबाट उत्कृष्ट हुनेलाई हरेक साल जिविसले शैक्षिक स्तर उकास्न भनी छात्रवृत्ति दिने गर्दछ । तर, गएको वर्ष कसैले पनि एसएलसी पास गरेनन् । पछि सो छात्रवृत्ति कक्षा आठका दुई विद्यार्थीलाई दिइयो ।

हालसम्ममा १९ जना लाप्चा विद्यार्थीले एसएलसी उत्तीर्ण गरेका छन् । इलामको श्रीअन्तु गाउँमा लाप्चाहरूको कम बसोबास भए पनि पढाइको स्तर यहाँ अन्तभन्दा राम्रो छ । सम्पूर्ण जातिकै १९ जना एसएलसी पास गर्नेमध्ये १२

जना यहि गाउँकै रहेका छन् । मुख्य रुपमा लाप्चाहरूको बसोबास इलामको कोल्वुङ्ग चिण्डेपानी, फिक्कल, पञ्चकन्या, श्रीअन्तु र समालबुङ्ग आदि गाविसमा रहेको छ । यी गाउँमा रहेका सामुदायिक विद्यालयप्रति पनि लाप्चा विद्यार्थीको उत्साहजनक सहभागिता छैन । सुरुमा भर्ना हुने र केही समयपछि स्कुल जान बन्द गर्ने प्रवृत्ति बढी छ । सुङ्गतुङ्गको सरस्वती प्राविका प्रधानाध्यापक अशोक खत्री प्रश्न गर्छन्, "घरमा अन्नपानी कै अभाव छ, विद्यार्थीसँग किताब, कलम केही हुँदैन, अनि कसरी उनीहरूलाई पढाउन सकिन्छ ?" इलामको १५ गाविसमा छरिएर बसेका आदिबासी लाप्चाहरूको जम्मा जनसंख्या ३६ सय ६० रहेको छ ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरणका क्रममा सहयोग वापत् काजी' पदवी पाएका लाप्चाहरूको मुख्य पेशा भनेको कृषि हो । मैदानभन्दा भिरालो जमिन रुचाउने यो जातिले कोदो र घैया उब्जाउने गर्छ ।

लाप्चा भाषीको आफ्नै लिपी र वर्णमाला छ । यस भाषाको हरेक शब्दको अगाडि अ' जोडिएको हुन्छ । जस्तैः अ' भनेको आमा, आबुलाई बाबु', अबुङ्गलाई मुख, अचक भनेको टाउको, अन्योटलाई कान आदि शब्दबाट सम्बोधन गरिन्छ । भाषा र लिपीको ज्ञान भने धेरैलाई छैन । जितबहादुर लाप्चा आफ्नो भाषाको राम्रो ज्ञान राख्नेमध्येका एक हुन् । ७६ वर्षीय जितबहादुर यस जातिमा भाषा लेख्न, पढ्न जान्ने एक मात्र जिवित व्यक्ति हुन् । त्यसैले चिण्डेपानीको भाषा पाठशाला खोल्नुमा उनको पनि योगदान थियो । सो बन्द पाठशालाको व्यवस्थापन समितिको अध्यक्ष समेत रहिसकेका उनी भन्छन्, "पहिले यो भाषा जान्ने धेरै थिए र अब हामी दुईचार जना बुढा मात्रै बाँकी छौं । हामी नभएपछि जातिकै अस्तित्व संकटमा पर्ला भन्ने डरले पाठशाला खोलिएको थियो ।" पाठशाला खोल्नुपूर्व उनले स्थानीय गाउँकै ८ युवालाई ६ महिनासम्म घरैमा लाप्चा भाषा पढाएका थिए । पाठशाला बन्द हुनाले तिनले सिकेको सदुपयोग नभएको उनी बताउँछन् ।

लाप्चाभाषी भाषा, संस्कृति जगेर्नामा सचेत अझै बढी हुनु जरुरी छ । दुई दशकदेखि लाप्चा जातिबारे अनुसन्धान गरिरहेका इलाम क्याम्पसका उप प्राध्यापक युद्ध वैध भन्छन्, "लाप्चाहरू सोझा जाति भएकाले बाहिरी संसारसँग अनभिज्ञ छन् । उनीहरू कृषि बाहेक अन्य पेशामा संलग्न भएको पनि पाइदैंन । यी सोझा जातिमा आफ्नो भाषासंस्कृतिप्रतिको सचेतना कम छ ।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

)()(

## द्वन्दले नछोएको गोठाले विद्यालय

■ **दुर्गालाल केसी/रुकुम**

रुकुम जिल्ला भन्ने बित्तिकै माओवादी अति प्रभावित ठाउँ, जहाँको विद्यालय, विद्यार्थी, शिक्षक र अभिभावक धेरै हदसम्म प्रभावित छन् । तर, सोही जिल्लाको पिपल गाविसका रत्नबहादुर नाथलाई स्कुल चलाउन माओवादी द्वन्द्वले कुनै असर गरेको छैन । सोही जिल्लाको काराघार लेकमा उनले सुरु गरेको गोठाले विद्यालय मजाले चलिरहेको छ ।

रत्नबहादुरले आफ्नो पढाई १० कक्षासम्म मात्रै पुरा गर्न पाए । घरायशी परिस्थितिका कारण उनलाई गोठालो बन्नुपऱ्यो । गोठमा धेरै केटाकेटी गोठालो बनेर नै बसेको देखेपछि उनले त्यही ती बालबालिकालाई पढाउने विचार गरे । फलस्वरुप अरु दुईचार जना गोठालाको सहयोगमा उनले त्यहि लेकमा गोठाले स्कुल' खोलेका छन् ।

त्यसो त यो स्कुल सरकारी तथ्यांकमा दर्ता छैन, न त रत्नबहादुरले नै शिक्षकका रुपमा कुनै तलब पाउँछन् । सो विद्यालयका शिक्षक नाथ भन्छन्, "गोठाले बन्न बाध्य बालबालिकाहरूलाई साउ अक्षर मात्रै भए पनि चिनाउन सकियोस् भनी विद्यालय खोलिएको हो ।" आफूले नपढेकाले दुःखी भएको बताउने पिपल गाविस कै भिउसन नाथ भन्छन्, "साहुको ऋण काट्दा र तमसुकमा सही गर्दा भावी सन्तति नठगियुन् भनेर गोठमा पढाउने व्यवस्था गरिएको हो ।"

रुकुमका गाउँमै गाइभैंसी पाल्न नसकिने भएकाले स्थानीय सबैजसोले लेकमा वस्तुभाउ पाल्छन् । आयस्रोतको मुख्य बाटो नै गाईभैंसीको दूध र घ्यू अनि खेतीलाई मल हुने भएकाले लेकमा सबैको गोठ हुन्छ । हिउँदको ३/४ महिना

बाहेक वर्षभरीको धेरै समय बालबच्चासहित अधिकांश गाउँले लेकमै बस्छन् । त्यसकारण पनि अभिभावकसँग लेकमा बस्ने बालबच्चाको निम्ति स्कुलको आवश्यकता खड्किएको थियो ।

गाइभैंसीलाई घाँस काट्ने, पानी खुवाउने, मल फाल्ने, मोही पार्ने र चरनतिर लगाइसकेपछि दिउँसोको समय दुई घण्टा गोठालो विद्यालयमा पढाइ हुन्छ, १२ बजेदेखि २ बजेसम्म । हाल कालाघार लेकको सो विद्यालयमा १३ परिवारका ५३ जना विद्यार्थी पढिरहेका छन् । आवश्यक किताब, कापी, सीसाकलम चाहिं आ आफ्ना बालबच्चाको तिनकै अभिभावकले व्यवस्था गर्छन् । सबै मिलेर रकम उठाइ लेकबाट झर्दा एकमुष्ठ किनेर लाने गरिएको छ ।

५७ वर्षीय मनवीर खत्री आफ्ना बालबच्चाले गोठमै पढ्न पाएकोमा खुशी छन् । भन्छन्, “हामीलाई त कालो अक्षर भैंसी बराबर न हो । छोराहरू पनि उस्तै भए । अब नातिनातिनाले पढ्न पाउने भए ।” तर गोठमै पढ्न बाध्य विद्यार्थीको आफ्नै पीडा नभएको भने होइन । पिपलकै दश वर्षीय गोपालनाथ सँगैका साथी ५ कक्षा पढ्दै गरेको बताउँदै भन्छन्, “हामीले साउ अक्षर जाने पनि कक्षा त बढ्दैन । न त उत्तीर्णको प्रमाणपत्र नै पाइन्छ ।” साउ अक्षर चिनिसकेका अरु विद्यार्थीको पनि मुख्य चिन्ता यही नै हो ।

सरकारी विद्यालय जस्तै कानुनी मान्यता नपाएको र अस्थायी गोठाले स्कुल भएकाले कक्षा बढेको प्रमाणपत्र पाउनबाट बालबालिका वञ्चित छन् । सोही गाउँको जनकल्याण निम्न माविका प्रधानाध्यापक चन्द्रबहादुर खत्री भने बालबालिकाको पढ्नसक्ने क्षमता अनुसारको कक्षामा भर्ना गरिदिने बताउँछन् । सो आश्वासनका कारण गोठ छोडेर गाउँमै बस्न थालेपछि योग्यता अनुसारको कक्षामा पढ्न पाउने आशा पनि ती बालबालिकालाई पलाएको छ ।

पिपल गाविसका स्थानीय बुद्धिजीवी भिमबहादुर केसी गाउँमै बस्न सक्ने वैकल्पिक पेशा नभएसम्म यहाँका बालबालिकले उचित शिक्षा नपाउने बताउँदै भन्छन्, “सरकार या गैरसरकारी संघसंस्थाले त्यहि गोठाले स्कुललाई आर्थिक सहयोग गरी कानुनी मान्यता दियो भने पनि लेकका गोठालाहरूको शैक्षिक स्थिति केही न केही सप्रिन्छ ।”

रुकुमको पिपल गाउँका स्थानीयबासीको कमाईको मुख्य स्रोत दुध, दही, खेतीपातीबाट आएको अन्न हो । तर, त्यसका निम्ति यहाँ बजार छैन । ५/६ घण्टाको बाटो काटेर खलङ्गा आइपुगेपछि मात्रै उनीहरूका उत्पादनले बजार पाउँछ । एकातिर खस्केको आर्थिक हैसियत अर्कोतर्फ उनीहरूकै बालबालिका उचित शिक्षादिक्षाको अभावमा बाँच्नुपरेको छ ।

लेकमा स्कुल संचालन भएपछि केही हदसम्म भए पनि केटाकेटीले साउँ अक्षर पढ्न थालेकोमा चाहिं स्थानीय अभिभावक खुशी छन् । माओवादी द्वन्द्वका कारण स्कुलका सयौं विद्यालयबाट शिक्षक/विद्यार्थी विस्थापित हुनुपर्दा पनि कालाघार लेकमा भने यसको असर परेको छैन । असर छ भने उही आर्थिक अभाव कै कारण उनीहरू आफ्ना बालबालिकालाई उचित शिक्षा दिन सकिरहेका छैनन् ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

## द्वन्दको चपेटामा दैलेखको शिक्षा

**■ शिवराज रेग्मी/दैलेख**

दैलेखको डाँडीमाडीमा रहेको हिमालय माविका शिक्षक लिलाराम सिजापति माओवादी थ्रेटका कारण विद्यालय जाँदैनन् । यसरी उनले पढाउन छोडेर सदरमुकाम बस्न थालेको दुई वर्ष बित्यो ।

दैलेखकै अर्को श्रीकृष्ण माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भगवतिप्रसाद उपाध्यायको हालत उस्तै छ । लाकान्द्र गाउँको सो विद्यालयमा व्यवस्थापन समिति गठन भए पनि नभएजत्तिकै छ ।

अरु माओवादी प्रभावित जिल्लामा जस्तै दैलेखको शैक्षिक गतिविधिमा द्वन्द्वको यस्ता मनग्गे प्रभाव परेका छन् । माओवादी त्रासका कारण शिक्षक, विद्यार्थी र यहाँसम्मकी अभिभावक र व्यवस्थापन समितिका पदाधिकारी समेत विस्थापित हुने क्रम बढ्दो छ । बेलाबखत गस्तीमा जाने सुरक्षाकर्मीका कारण बाध्य भएर धेरै शिक्षक/विद्यार्थी मुग्लान पसेका घटना समेत छन् ।

दैलेख जिल्लाभरी माओवादी द्वन्द्वका कारण कम्तीमा ४० जना शिक्षक विस्थापित भएका छन्। गाउँमै भएका कतिपयलाई त हाजिर समेत गर्न दिइएको छैन। सबुकाध गाविसका नयन शाहीका अनुसार, अहिले उनीहरूले श्रीकृष्ण मावि लकान्द्र र कालिका माविका शिक्षकहरूलाई हाजिर गर्न दिएका छैनन्। उनी थप्छन्, "माओवादीले आफूले नै नियुक्ति गरेका शिक्षक र विद्यालयमा उनीहरूले नै तयार गरेको शैक्षिक क्यालेण्डर लागू गर्नुपर्ने दवाव दिइरहेका छन्।"

माओवादीको यसखाले दवावले गर्दा विद्यालयको पढाई रोकिएको छ। त्यसो त दैलेखका अधिकांश विद्यालयमा पढाइ रोकिनु सामान्य घटना बन्दै गएको छ। विद्यार्थी नै समेत बारम्बारको विद्यालय बन्द हुने घटनासँग अभ्यस्त भइरहेका छन्। रावतकोट गाविसको रावतकोट माविमा २०६० सालभरीमा जम्मा २३ दिन पढाई भयो भने प्रतिदिन स्कुलमा बढीमा ५० जना विद्यार्थी मात्रै हाजिर भए। रावतकोटका अभिभावक नै माओवादी अपहरण र सेनाको अनावश्यक शंका गर्ने प्रवृत्तिदेखि डराई आफ्ना बालबालिकालाई विद्यालय पठाउँदैनन्। रावतकोटका ओम रिसालको भनाईमा, माओवादीका कारण कलिला बाल मस्तिष्कमा मनोवैज्ञानिक असर परेको छ।

दैलेखमा दुईवटा दश जोड दुई सहित एक सय ९५ वटा विद्यालय खोलिएका छन्। प्रावि तहदेखि मावि तहसम्मका यी विद्यालयमध्ये आधाभन्दा बढी नाम मात्रैको पढाइ हुन्छ भने कति बन्द नै भइसके। क्षेत्र नं. २ का धेरैजसो विद्यालय माओवादीका कारण बन्द भएको स्थानीयबासी बताउँछन्। एक अनुमान अनुसार, दैलेखमा ५० प्रतिशत विद्यार्थी अलपत्र परेका छन् भने ३५ प्रतिशत जनि माओवादी डरले विस्थापित छन्। त्यस्तै १५ प्रतिशत गरिबीको कारण घरमै रहेका छन्। स्थानीय शिक्षक जीतबहादुर शाही भन्छन्, "जिल्लाको शैक्षिक स्थिति ज्यादै नाजुक भएकाले यसको सुधारतर्फ सम्बद्ध पक्षले शीघ्र ध्यान दिनुपर्छ।"

माओवादी द्वन्द्वको कारण मात्रै दैलेखको शैक्षिक अवनति भएको होइन। माओवादी विद्रोह सुरु हुनु अगावैदेखिको दरिद्रता र गरीबीले यहाँको शैक्षिक अवस्था माथि उठ्न सकेको छैन। हुनेखानेकै परिवारका बालबालिकाले समेत बीचैमा पढाइ छोड्नुपरेका उदाहरण छन्। जस्तो: टेकराज रेग्मी हुनेखानेकै परिवारका भए पनि उनलाई परिवारको सहयोग नहुँदा पढाई बीचैमा छोड्नुपर्‍यो। "हामीले नपढिकनै गुजारा चलायौ, हाम्रा छोराछोरीले पनि चलाइहाल्छन् नि" भन्ने सोच भएका अभिभावकको बाहुल्यताका कारण उनीजस्ता अरु थुप्रैले पढ्न पाइरहेका छैनन्।

स्थानीय अभिभावकको सोच र विद्यालयको अवस्था मिल्दोजुदो छ। आर्थिक अभावका कारण कति विद्यालय बन्द छन्। गाविसको अनुदानबाट संचालित चगत्रा मावि हाल निमावि तहमा झरेको छ भने कृष्णकोट मावि निकट भविष्यमै बन्द हुने निश्चित भइसकेको छ। चगत्रा निमाविका शिक्षक डिल्लीप्रसाद उपाध्यायको प्रश्न छ, "आवश्यक रकम नै नभएपछि कसरी स्कुलक चलाउने ?"

गरीबी, चेतना नभएका अभिभावक र जीर्ण विद्यालय त दैलेखमा छँदै थिए, माओवादी द्वन्द्वले यस जिल्लाको शैक्षिक गतिविधि ठप्प पार्न थप सघाएको छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*